नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौँ

प.सं.: २०८२/८३

मिति: २०८३।०२।२९ गते

ने.सं. ११४६, अनलागा

## सर्वसाधारणको राय माग गरिएको सूचना !!!

यस मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव समेत यसै सूचना साथ संलग्न गरी सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर देहाय बमोजिमको ढाँचामा federal.affairs.section@mofaga.gov.np वा federal.affairs1@gmail.com मा ७ (सात) दिनभित्र आफ्नो राय उपलब्ध गराईदिनुहुन अनुरोध छ।

### विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा

१. सुझाव दिने व्यक्ति/संस्थाको नाम, थर:

२. सम्पर्क नम्बर/इमेल:

३. सुझाव:

(क) सम्बन्धित दफा/उपदफा :

(ख) सुझाव र सो को कारण :

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदाका सम्बन्धमा विधेयक ऐन २०८१ को दफा ६ को उपदफा (२) बमोजिमको विवरण

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

**क. विधेयक तर्जुमा गर्न पर्नाको कारण:-**

नेपालको संविधानमा भएको व्यवस्था बमोजिम सङ्घीय शासन प्रणाली अन्तर्गत स्थानीय तहको काम कर्तव्य र अधिकारको कार्यान्वयन तथा स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को कार्यान्वयनका क्रममा आईपरेका द्विविधा तथा समस्याहरूलाई समाधान गर्न आवश्यक देखिएको।

**ख. विधेयकको व्यवस्थाबाट मौलिक हक र मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव:-**

स्थानीय शासनको मर्म अनुसार जनतालाई स्थानीय स्तरमा प्रवाह गरिने सेवाको प्रभावकारीता अभिवृद्धि हुने हुँदा नागरिक अधिकार र मानव अधिकारको प्रबर्द्धनमा विधेयकको व्यवस्थाले थप सहयोग पुग्ने देखिन्छ।

**ग. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव:-**

प्रस्तावित विधेयकमा भएको व्यवस्थाले स्थानीय तहको कार्यसम्पादनमा थप प्रभावकारीता आउने भएकाले नागरिकको दृष्टिकोणबाट आर्थिक तथा वित्तीय क्षेत्रमा थप सकरात्मक प्रभाव पर्ने र विधेयकको कार्यान्वयनमा थप संरचनागत प्रस्ताव नभएकोले सरकारलाई थप आर्थिक तथा वित्तीय दायित्व सिर्जना हुने देखिदैन।

**घ. विधेयकको व्यवस्थाबाट दिगो विकासका लक्ष्य हासिल गर्न पुग्ने सहयोग:-**

- स्थानीय तहमा लक्षित वर्गको संरक्षण र विकासमा सहभागिता वृद्धि हुने।
- स्थानीयस्तरमा कार्यगर्ने विकासका साझेदार गैरसरकारी संस्थाहरूसँगको सहकार्यले स्थानीय शासनमा सरोकारवालाको सहभागिता वृद्धि हुने।
- स्थानीयस्तरमा घरनक्शा पास सम्बन्धी व्यवस्थाले विपद् जोखिम न्यूनीकरणमा सहयोग पुग्ने।

**ङ. विधेयकको व्यवस्थाबाट सुशासन प्रबर्द्धनमा पर्ने प्रभाव:-**

स्थानीय तहको कार्यसम्पादनमा प्रभावकारीता आउने भएकोले यसमा प्रस्तावित व्यवस्थाले सुशासन प्रवर्द्धनमा सहयोग पुर्याउछ।

**च. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग:-**

जलवायू अनुकूलनका सम्बन्धमा संशोधन विधेयकमा नयाँ प्रावधान प्रस्ताव नभएको र साविककै व्यवस्था अनुसार हुने।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "स्थानीय सरकार सञ्चालन (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ३ मा संशोधनः</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (यस पछि "मूल ऐन" भनिएको) को,-

(१) दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम प्रस्ताव प्राप्त भएको पन्ध्र दिनभित्र प्रदेश सरकारले सो प्रस्ताव अध्ययन गरी उपदफा (२) र (३) बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सीमाना हेरफेर गर्न नेपाल सरकारमा सिफारिस गर्नुपर्नेछ।"

(२) उपदफा (५) मा रहेका "एक वर्ष" भन्ने शब्दहरुको सट्टा "छ महिना" भन्ने शब्दहरु राखिएका छन्।

३. <u>मूल ऐनको दफा ४ मा संशोधनः</u> मूल ऐनको दफा ४ को,

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र वा दुवै हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको दुई तिहाई बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकारमा पठाउनु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः-

"(३क.) उपदफा (३) बमोजिम प्राप्त प्रस्ताव प्रदेश सरकारले अध्ययन गरी उपयुक्त देखिएमा सिफारिससहित नेपाल सरकारमा पठाउनु पर्नेछ।"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३क) बमोजिम प्राप्त भएको प्रस्ताव नेपाल सरकारले उपयुक्त देखेमा त्यस्तो गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र वा दुबै हेरफेर गर्न सक्नेछ।"।

(४) उपदफा (५) झिकिएको छ।

(५) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) कुनै गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र वा दुवै हेरफेर सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित प्रदेश सरकारलाई दिनु पर्नेछ।"

४. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को उपदफा (३) मा रहेका "सदस्य सङ्ख्याको बहुमतबाट" भन्ने शब्दहरूको सट्टा "सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को,

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नेपाल सरकारले दफा ५ बमोजिम निर्धारण गरेको वडाको सङ्ख्या र सीमाना आवश्यकता अनुसार हेरफेर गर्न वा कुनै वडालाई सीमाना जोडिएको अर्को गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्दा दफा ५ को उपदफा (३) मा उल्लिखित आधारलाई विश्लेषण गरी प्रतिवेदन दिने प्रयोजनको लागि जिल्लामा देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) अध्यक्ष वा प्रमुख, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) प्रमुख, सम्बन्धित नापी कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्बन्धित मालपोत कार्यालय -सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(छ) जिल्ला समन्वय अधिकारी -सदस्य-सचिव

(३) उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः-

"(२क.) उपदफा (२) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगर सभाले उपदफा (२) बमोजिमको प्राविधिक समितिको सिफारिसमा सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनु पर्नेछ।"

(५) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः-

"(३क.) प्रदेश सरकारले उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव अध्ययन गरी उपयुक्त देखेमा सिफारिस सहित नेपाल सरकारमा पठाउनुपर्नेछ।"

(६) उपदफा (६) झिकिएको छ।

(७) उपदफा (७) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(८) उपदफा (१०) र (११) झिकिएका छन्।

६. <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(३) नेपाल सरकारले प्रत्येक दश वर्षमा उपदफा (१) बमोजिमका आधारहरुको विश्लेषण गरी गाउँपालिका तथा नगरपालिकाको पुनः वर्गीकरण गर्न सक्नेछ।"

७. <u>मूल ऐनको दफा ९ मा संशोधनः</u> मूल ऐनको दफा ९ को उपदफा (३) मा रहेका "जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरूपछि "प्रदेश कानूनले निर्धारण गरेको मापदण्ड बमोजिम" भन्ने शब्दहरू थपिएका छन्।

८. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को,

(१) उपदफा (२) को खण्ड घ. को उपखण्ड (३) मा रहेको "मोटरबोट," भन्ने शब्दपछि "प्याराग्लाइडिङ, जिपलाईन," भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (२) को खण्ड छ. को उपखण्ड (९) झिकिएको छ।

(३) उपदफा (२) को खण्ड ज. को उपखण्ड (१) मा रहेका "आधारभूत शिक्षा" भन्ने शब्दहरूको सट्टा "आधारभूत र माध्यमिक शिक्षा" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (२) को खण्ड ज. को उपखण्ड (११) को सट्टा देहायको उपखण्ड (११) राखिएको छः-

"(११) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीभित्र रही शिक्षक तथा कर्मचारीहरूको दरबन्दी मिलान तथा सरुवा व्यवस्थापन,

(५) उपदफा (२) को खण्ड फ. पछि देहायका खण्ड ब. र भ. थपिएका छन्:-

"ब. युवा विकास तथा परिचालन

(१) युवा विकास र परिचालन, अनुगमन तथा नियमन,

(२) युवा परामर्श तथा सचेतना अभिवृद्धि,

(३) युवा उद्यमशीलता, सीप विकास र रोजगारी प्रवर्धन,

(४) युवा प्रतिभा तथा उद्यमीको पहिचान, प्रोत्साहन र प्रवर्धन,

(५) स्थानीय युवा सूचना केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन।

भ. सामाजिक न्याय/समावेशीकरण तथा मानव अधिकारको संरक्षण

(१) महिला, बालवालिका,दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, किसान, द्वन्द्वपीडित, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आर्थिक रुपले विपन्न खस आर्यको संरक्षण, सशक्तीकरण, विकास वा मूलप्रवाहीकरणका लागि कार्यक्रम सञ्चालन,

(२) उपखण्ड (१) बमोजिमका कार्यक्रमहरूको नियमन, अनुगमन र मूल्याङ्कन।"

९. <u>मूल ऐनको दफा १२ मा संशोधनः</u> मूल ऐनको दफा १२ को उपदफा (२) को खण्ड ग. को उपखण्ड (३०) को सट्टा देहायको उपखण्ड (३०) राखिएको छः-

"(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, पिछडिएको समुदाय, बादी समुदाय, उपेक्षित, उत्पीडित, दलित समुदाय, किसान, द्वन्द्वपीडित, खस आर्य र सीमान्तकृत समुदाय लगायत अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यकको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,"

१०. <u>मूल ऐनमा दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को:-

नेपाल सरकार
संघीय मामिला, सहकारी, बहुपक्षीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(१) उपदफा (१) मा रहेका "अन्य सेवाको प्रयोजनको लागि" भन्ने शब्दहरू पछि "जिल्ला दररेटलाई समेत आधार लिई" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) बमोजिमको दररेट जिल्ला दररेट निर्धारण भएको १५ दिनभित्र तोकी सक्नु पर्नेछ।"

११. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) उपदफा (४) को खण्ड ख. को उपखण्ड (७) बमोजिम उपाध्यक्ष वा उपप्रमुखले सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भनी अध्यक्ष वा प्रमुखलाई जानकारी गराएमा निजको अनुपस्थितिमा कार्यपालिकाले न्यायिक समितिको काम बाहेक यस ऐन बमोजिम उपाध्यक्ष वा उपप्रमुखले गर्ने भनी तोकिएका अन्य काम गर्न ज्येष्ठ कार्यपालिका सदस्यलाई तोक्न सक्नेछ।"

१२. <u>मूल ऐनको दफा १७ मा संशोधनः</u> मूल ऐनको दफा १७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कार्यपलिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ।

तर लगातार तीन पटकसम्म कार्यपालिकाको बैठकको लागि गणपूरक सङ्ख्या नपुगेमा अध्यक्ष वा प्रमुख सहित कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको तेत्तिस प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष वा प्रमुख सहित कार्यपालिकाको बैठकमा उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ।"

१३. <u>मूल ऐनको दफा १९ मा संशोधनः</u> मूल ऐनको दफा १९ को उपदफा (९) पछि देहायका उपदफा (९क.) र (९ख.) थपिएका छन्ः-

"(९क.) निर्धारित समयमा गाउँ तथा नगरसभा सम्पन्न गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ।

(९ख.) उपदफा (९क.) बमोजिम गाउँसभा तथा नगरसभा सम्पन्न नगर्ने स्थानीय तहलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलव्ध गराइने सबै वा केही अनुदान लगायतका स्रोत त्यस्तो सभा नभएसम्मका लागि रोक्का राख्न सकिनेछ।"

१४. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनको दफा २४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि विषय क्षेत्रगत र समष्टिगत वार्षिक, मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्नेछ।"

(२) उपदफा (३) को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः-

"(ञ) नेपाल सरकारबाट अन्तर्राष्ट्रियस्तरमा जनाइएका प्रतिबद्धता तथा नेपाल सरकारले तय गरेको राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउ पुऱ्याउने।"

(३) उपदफा (४) मा रहेको "योजना बनाउँदा" भन्ने शब्दहरुको सट्टा "आयोजना छनौट गर्दा" भन्ने शब्दहरु राखिएका छन्।

(४) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) गाउँपालिका तथा नगरपालिकाले आयोजना छनौट गर्दा सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, आयोजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्नेछ।"

(५) उपदफा (७) मा रहेको "अनुदान प्रदान गरी" भन्ने शब्दहरुको सट्टा "सशर्त अनुदान प्रदान गरी" भन्ने शब्दहरु राखिएको छ।

(६) उपदफा (८) मा रहेको "योजना" शब्दको सट्टा "आयोजना" शब्द राखिएको छ।

(७) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेशको आयोजना कार्यान्वयनमा आवश्यक सहयोग र सहजिकरण गर्नुपर्नेछ।"

१५. <u>मूल ऐनमा दफा दफा २५ मा संशोधनः</u> मूल ऐनको दफा २५ को उपदफा (२) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) स्थानीय तहको त्रैसासिक एवं वार्षिक प्रगति समीक्षामा सहभागी भई आफ्नो कामको प्रगति पेश गर्ने"

१६. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ मा,-

(१) "अन्य गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु पछि "नेपाल सरकार वा प्रदेश सरकार" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१.) थपिएको छः-

"(ङ१.) संयुक्त सेवा प्रवाहको प्रबन्ध"

१७. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर गाउँपालिका वा नगरपालिकाले तोकेको क्षेत्र र संरचनाको हकमा गाउँपालिका वा नगरपालिकाको अनुमति लिई नक्सा पास नगराई पनि भवन निर्माण गर्न बाधा पर्ने छैन।

१८. <u>मूल ऐनमा दफा २९ मा संशोधनः</u> मूल ऐनको दफा २९ मा रहेको "चर्पी" भन्ने शब्दको सट्टा "शौचालय" भन्ने शब्द राखिएको छ।

नेपाल सरकार
संघीय मामिला, संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

१९. <u>मूल ऐनमा दफा ४३ मा संशोधनः</u> मूल ऐनको दफा ४३ को सट्टा देहायको दफा ४३ राखिएको छः-

"४३. <u>राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण मापदण्ड पालना गर्नु वा गराउनु पर्नेः</u> (१) गाउँपालिका तथा नगरपालिकाले दफा २७ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण सम्बन्धी मापदण्डहरू पालना गर्नु, गराउनु पर्नेछ।

(२) गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको राष्ट्रिय भवनसंहिता तथा भवन निर्माण सम्बन्धी मापदण्डको अधीनमा रही थप मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(३) गाउँपालिका तथा नगरपालिकाले नक्सा पास सम्बन्धी प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाउँदै लैजानु पर्नेछ। यसरी सूचना प्रविधिमा आधारित प्रणाली विकास गर्ने सम्बन्धी कार्यविधि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।"

२०. <u>मूल ऐनमा दफा मा संशोधनः</u> मूल ऐनको दफा ६६ को उपदफा (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर नेपाल सरकार तथा प्रदेश सरकारले तथा मार्गदर्शन समयमा प्राप्त हुन नसकेको अवस्थामा चालु आर्थिक वर्षको बजेट सीमा र मार्गदर्शनलाई आधार मानी बजेट प्रक्षेपण गर्न सकिनेछ।"

२१. <u>मूल ऐनमा दफा ६१ मा संशोधनः</u> मूल ऐनको दफा ६१ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यस्ता वस्तुको उत्पादन, सङ्कलन वा व्यावसायिक उपयोग हुने गाउँपालिका तथा नगरपालिकाले बाहेक अन्य गाउँपालिका तथा नगरपालिकाले त्यस्तो कर लगाउन पाउने छैन।"

२२. <u>मूल ऐनमा दफा ६३ मा संशोधनः</u> मूल ऐनको दफा ६३ को,-

(१) उपदफा (३) मा रहेका "एकीकृत सम्पत्ति कर" भन्ने शब्दहरुको सट्टा "सम्पत्ति कर" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (४) मा रहेका "एकीकृत सम्पत्ति कर" भन्ने शब्दहरुको सट्टा "सम्पत्ति कर" भन्ने शब्दहरु राखिएका छन्।

२३. <u>मूल ऐनमा दफा ६६ मा संशोधनः</u> मूल ऐनको दफा ६६ को उपदफा (६) पछि देहायको उपदफा (६क.) थपिएको छः-

"(६क.) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सीमा तथा मार्गदर्शन समयमा प्राप्त हुन नसकेको अवस्थामा चालु आर्थिक वर्षको बजेट सीमा र मार्गदर्शनलाई आधार मानी बजेट प्रक्षेपण गर्न सकिनेछ।"

२४. <u>मूल ऐनमा दफा ७१ मा संशोधनः</u> मूल ऐनको दफा ७१ को उपदफा (७) झिकिएको छ।

२५. <u>मूल ऐनमा दफा ७५ मा संशोधनः</u> मूल ऐनको दफा ७५ मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर नेपाल सरकार वा प्रदेश सरकारले उपलब्ध गराएको ससर्त अनुदान, समपुरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदानको रकम एक आर्थिक बर्षमा खर्च हुन नसकी बाँकी रहेमा त्यस्तो बाँकी रकम सम्बन्धित सरकारको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।"

नेपाल सरकार
संघीय मामिला, संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

२६. <u>मूल ऐनमा दफा ७६ मा संशोधन:</u> मूल ऐनको दफा ७६ को,

(१) उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः-

"(२क) स्थानीय तहले आफ्नो सम्पत्ति, राजस्व, बजेट, कार्यक्रम र खर्च सम्वन्धी विवरण नेपाल सरकारले तोकेको सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (३क.) थपिएको छः-

"(३क) सङ्घीय सरकारबाट प्राप्त ससर्त, समपुरक र विशेष अनुदानको खर्च तथा भौतिक प्रगति त्रैमासिक रुपमा कार्यक्रम वा आयोजना सम्वद्ध मन्त्रालयमा पठाउनु पर्नेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क.) र (४ख.) थपिएका छन्:-

"(४क.) जिल्ला समन्वय समितिले आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिभित्र जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाको अघिल्लो आर्थिक वर्षको अनुगमनको वार्षिक प्रतिवेदन तयार गरी तिस दिनभित्र मन्त्रालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा पठाउनुपर्नेछ।

(४ख.) गाउँपालिका तथा नगरपालिकाले आफ्नो वार्षिक कार्यक्रम कार्यान्वयन गर्दा उपदफा (४क) बमोजिमको प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरूलाई ध्यान दिनु पर्नेछ।"

(४) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) गाउँपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय र व्ययको त्रैमासिक तथा वार्षिक शीर्षकगत र भौतिक प्रगतिको विवरण तयार गरी नेपाल सरकारको अर्थ मन्त्रालय, मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सम्बन्धित प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालय र जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ।"

२७. <u>मूल ऐनमा दफा ७७ मा संशोधन:</u> मूल ऐनको दफा ७७ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित अध्यक्ष वा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।"

२८. <u>मूल ऐनमा दफा ८३ मा संशोधन:</u> मूल ऐनको दफा ८३ को,

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी नेपाल सरकारले तोकेको मापदण्डबमोजिमसङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना र कर्मचारी दरबन्दी कायम गर्नु पर्नेछ।"

(२) उपदफा (९) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर उपदफा (८) बमोजिम सेवा करार गरिएका कर्मचारीहरूको सेवा सुविधा नेपाल सरकारका समान तहका कर्मचारीहरूको सुरू तलब स्केलभन्दा बढी हुने छैन।"

(३) उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः-

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(१) यस दफा बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट निर्धारण गरिएको सङ्गठन संरचना र दरबन्दी तेरिज सभाबाट स्वीकृत गरी सङ्गठन तथा पद दर्ताका लागि प्रदेश किताबखानामा पठाउनु पर्नेछ।"

(४) उपदफा (१०) पछि देहायको उपदफा (११) थपिएको छः-

"(११) उपदफा (१०) बमोजिम प्राप्त सङ्गठन संरचना र दरबन्दी तेरिज प्रदेश किताबखानाले नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम रहे नरहेका यकिन गरी पद तथा सङ्गठन दर्ता गर्नुपर्नेछ।"

(५) उपदफा (११) पछि देहायको उपदफा (१२) थपिएको छः-

"(१२) गाउँपालिका तथा नगरपालिकामा कार्यरत कर्मचारीहरूको तलबी प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रत्येक वर्षको साउन मसान्तभित्र पारित गराउनु पर्नेछ।"

२९. <u>मूल ऐनमा दफा ८४ मा संशोधनः</u> मूल ऐनको दफा ८४ को,-

(१) उपदफा (२) मा रहेका "स्थानीय कानूनद्वारा प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार नतोकेसम्मको लागि" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) "उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रदेश सरकारमार्फत प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउनेछ।"

(३) उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएको छः-

"(४क) नेपाल सरकारले प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाएको कर्मचारीलाई गाउँपालिका वा नगरपालिकाले हाजिर नगराएमा मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले त्यस्तो गाउँपालिका वा नगरपालिकाको खाता रोक्का गर्न सक्नेछ।"

३०. <u>मूल ऐनमा दफा ८६ मा संशोधनः</u> मूल ऐनको दफा ८६ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) को अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) स्थानीय सेवाका कर्मचारीको कार्यविवरण अद्यावधिक राख्ने, पदपूर्ति, सरुवा र बढुवा व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ।"

३१. <u>मूल ऐनमा दफा ८७ मा संशोधनः</u> मूल ऐनको दफा ८७ खारेज गरिएको छ।

३२. <u>मूल ऐनमा दफा ९० मा संशोधनः</u> मूल ऐनको दफा ९० खारेज गरिएको छ।

३३. <u>मूल ऐनमा दफा ९१ मा संशोधनः</u> मूल ऐनको दफा ९१ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

नेपाल सरकार
संघीय मामिला, संसदीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

"(१) स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना वा नेपाल सरकारका मौजुदा कोषहरुमध्ये कुनैमा सहभागी हुने व्यवस्था गर्नु पर्नेछ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम स्थापित कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नु पर्नेछ।"

"तर अन्य कोषमा सहभागी हुँदा सो कोषको नियमानुसारको योगदान गर्नुपर्नेछ।"

(३) उपदफा (२) पछि देहायका उपदफा (२क.), (२ख.), (२ग.), (२घ.) र (२ङ.) थपिएका छन्:-

"(२क.) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सबै स्थानीय तहहरूको अवकाश कोष एकीकृत रुपमा सञ्चालन गर्न कानूनद्वारा स्थापित अवकाश कोष सञ्चालन गर्ने निकायलाई तोक्न सक्नेछ।

(२ख.) उपदफा (२क) बमोजिम नेपाल सरकारले तोकेको निकायमा उपदफा (२) बमोजिमको रकम उपदफा (१) बमोजिमको कोषमा मासिक रुपमा जम्मा गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(२ग.) उपदफा (१) बमोजिमको कोष सञ्चालन गर्दा योगदानकर्ताको व्यक्तिगत खातामा उपदफा (२) बमोजिमको रकम, त्यसमा आर्जित व्याज र मुनाफा समेत देखिने गरी आर्थिक विवरण राख्नु पर्नेछ।

(२घ.) उपदफा (२क) बमोजिम कोष सञ्चालन गर्दा उपदफा (२) मा तोकिएको रकम बाहेक नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्थानीय तहको प्रकार, क्षमता र स्वीकृत कर्मचारीको दरबन्दी सङ्ख्याको आधारमा यस दफा बमोजिमको कोषमा जम्मा गर्ने गरी थप रकम निर्धारण गरेमा त्यस्तो रकम सम्बन्धित स्थानीय तहले यस दफा बमोजिमको कोषमा वार्षिक रुपमा अवकाश सुविधा प्रयोजनको लागि जम्मा गर्नु पर्नेछ।

(२ङ.) योगदानमा आधारित निवृत्तभरण योजनामा नपर्ने साविकका स्थानीय निकाय, जिल्ला विकास समिति, घरेलु उद्योग विकास समिति, दुर्गम क्षेत्र विकास समिति लगायतका हाल स्थानीय तहमा कार्यरत कर्मचारीहरूको अवकाश पछिको सुविधा पनि सम्बन्धित स्थानीय तहले यसै दफा बमोजिम तोकिएको निकायबाट सञ्चालन गर्नु पर्नेछ।"

३४. <u>मूल ऐनमा दफा ९२ मा संशोधन</u>: मूल ऐनको दफा ९२ को उपदफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ञ१.) थपिएको छः-

"(ञ१) जिल्ला समन्वय समिति र साविकको जिल्ला विकास समितिको कार्यालय अन्तर्गतको बेरुजु फछ्यौट गराउने।""

३५. <u>मूल ऐनमा दफा ९४ मा संशोधन</u>: मूल ऐनको दफा ९४ को उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएको छः-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला समन्वय समितिले सवारी चालक, कार्यालय सहयोगी र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाका

नेपाल सरकार

आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।"

३६. <u>मूल ऐनमा दफा १०४ मा संशोधनः</u> मूल ऐनको दफा १०४ खारेव गरिएको छ।

३७. <u>मूल ऐनमा दफा १०६क. थपः</u> मूल ऐनको दफा १०६ पछि देहायको दफा १०६क. थपिएको छः-

"१०६क. <u>वडा अध्यक्ष तथा सदस्यको राजीनामा सम्बन्धी व्यवस्थाः</u>- प्रदेश कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक वडा अध्यक्ष तथा सदस्यले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष वा प्रमुखसमक्ष राजीनामा दिन सक्नेछ।"

३८. <u>मूल ऐनमा दफा १०८ मा संशोधनः</u> मूल ऐनको दफा १०८ को सट्टा देहायको दफा १०८ राखिएको छः-

"१०८. <u>जिल्ला समन्वय समितिको उपनिर्वाचन सम्बन्धी व्यवस्थाः</u> जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा त्यस्तो पद रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचनद्धारा रिक्त पदको पूर्ति गर्नु पर्नेछ।"

३९. <u>मूल ऐनमा दफा १०८क. थपः</u> मूल ऐनको दफा १०८ पछि देहायको दफा १०८क. थपिएको छः

"१०८क. <u>पद रिक्त भएको जानकारी दिनु पर्नेः</u> (१) गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख र वडा अध्यक्षको पद रिक्त भएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले तीस दिनभित्र सोको जानकारी मन्त्रालयमा गराउनु पर्नेछ।

(२) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त भएमा सम्बन्धित जिल्ला समन्वय समितिले तीस दिनभित्र सो को जानकारी मन्त्रालयमा गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम जानकारी प्राप्त भएको अवस्थामा मन्त्रालयले १५ दिनभित्र सोको विवरण निर्वाचन आयोगमा पठाउनु पर्नेछ।"

४०. <u>मूल ऐनमा दफा १०९ मा संशोधनः</u> मूल ऐनको दफा १०९ को उपदफा (२) पछि देहायको उपदफा (२क.) र (२ख.) थपिएका छन्:-

"(२क.) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष तथा प्रमुख नभएको वा उपाध्यक्ष, उपप्रमुख, वडा अध्यक्ष र सभाका सदस्यले शपथ नलिदै अध्यक्ष वा प्रमुख निलम्बनमा परेको अवस्थामा उपाध्यक्ष वा उपप्रमुखले अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीश समक्ष पद तथा गोपनियताको शपथ लिनु पर्नेछ।

(२ख.) उपदफा (२क.) बमोजिम उपाध्यक्ष वा उपप्रमुखले शपथ लिएको अवस्थामा वडा अध्यक्ष र सभाका सदस्यले उपाध्यक्ष वा उपप्रमुखले शपथ लिएको सात दिनभित्र सम्बन्धित उपाध्यक्ष वा उपप्रमुख समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनियताको सपथ लिनु पर्नेछ।"

४१. <u>मूल ऐनमा दफा ११४क. थपः</u> मूल ऐनको दफा ११४ पछि देहायको दफा ११४क. थपिएको छः-

"११४क. व्यवस्थापन परीक्षणः (१) संविधान तथा यस ऐन बमोजिम गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिले सम्पादन गर्नु पर्ने कार्यलाई प्रभावकारी बनाउन प्रदेश सरकारले प्रदेश कानून बमोजिम व्यवस्थापन परीक्षण गर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) व्यवस्थापन परीक्षणबाट औंल्याइएका सुझाव तथा दिइएका निर्देशनहरू पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।"

४२. <u>मूल ऐनमा दफा ११६ख. र ११६ग. थप</u>: मूल ऐनको दफा ११६क. पछि देहायका दफा ११६ख. र ११६ग. थपिएका छन्:-

"११६ख. सङ्घ वा महासङ्घ गठन गर्न सक्नेः गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समितिहरूले नेपाल सरकार तथा प्रदेश सरकारसँग स्थानीय तहका सरोकारका विषयमा आवश्यक समन्वय गर्न सङ्घ वा महासङ्घ गठन गर्न सक्नेछन्। यस्तो सङ्घ वा महासङ्घ गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समितिको लागि एक एक भन्दा बढी हुने छैन।

११६ग. मन्त्रालयले समन्वय, सहजीकरण र सहकार्य गर्नेः (१) मन्त्रालयले देहायका विषयमा गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिसँग समन्वय, सहजीकरण र सहकार्य गर्न सक्नेछः-

(क) राष्ट्रिय नीति अनुकूल काम गर्ने विषय,
(ख) एकीकृत तथ्याङ्क सम्बन्धी विषय,
(ग) संस्थागत मूल्याङ्कनका विषय,
(घ) कर्मचारी व्यवस्थापन सम्बन्धी विषय,
(ङ) भौतिक प्रगति तथा आर्थिक विवरण लगायतका आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने विषय,
(च) अनुगमन तथा सहजीकरणको क्रममा देखिएका सुधार गर्नु पर्ने विषय,
(छ) सुशासनसँग सम्बन्धित विषय,
(ज) नेपाल पक्ष राष्ट्र भएका सन्धि, सम्झौता तथा घोषणा र नेपाल सरकारले लिएका लक्ष्यहरू प्राप्ति गर्ने विषय,
(झ) स्थानीय कार्यपालिकाले सम्पादन गर्नु पर्ने मन्त्रालयले आवश्यक देखेका अन्य विषयहरू।

(२) उपदफा (१) बमोजिमका विषयमा समन्वय, सहजीकरण र सहकार्य गर्नु गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको दायित्व हुनेछ।"

४३. <u>मूल ऐनमा दफा ११९क. थप</u>: मूल ऐनको दफा ११९ पछि देहायको दफा ११९क. थपिएको छः-

"११९क. निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।"

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं